# आकाशवाणी समाचार- नेपाली
## मितिः १३ अप्रेल २०२६
## समयः ०७:२५ – ०७:३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

**१.**राष्ट्रपति द्रौपदी मुर्मु आजदेखि गुजरात र महाराष्ट्रको चार दिने भ्रमणमा रहनुहुनेछ। उहाँले आज राजकोटमा अखिल भारतीय आयुर्विज्ञान संस्थानको पहिलो दीक्षांत समारोहमा भाग लिनुहुनेछ।

२.प्रधान मन्त्री नरेन्द्र मोदीले आज नयाँ दिल्लीमा नारी शक्ति वन्दन सम्मेलनलाई सम्बोधन गर्नुहुनेछ। राष्ट्रिय स्तरको सम्मेलनले देशको विकासको बाटो तय गर्न महिलाको सहभागितामा वृद्धि गर्ने प्रतिबद्धतालाई सुदृढ पार्नेछ।

३.पाकिस्तानमा संयुक्त राज्य अमेरिका र इरानबीचको वार्ता असफल भएपछि राष्ट्रपति डोनाल्ड ट्रम्पले अमेरिकी नौसेनाले तुरुन्तै इरानी नियन्त्रणबाट होर्मुजको जलडमरूम मुक्त गर्न अभियान सुरु गर्नेछ भनि घोषणा गर्नुभएको छ।

४.अन्तर्राष्ट्रिय मुद्रा कोषकी प्रबन्ध निर्देशक क्रिस्टालिना जर्जिभाले इरान युद्धका कारण विश्वव्यापी आर्थिक संकट उत्पन्न हुने चेतावनी दिएकी छन्।

५.सुप्रशिद्ध गायिका आशा भोसलेको अंतिम संस्कार आज साँझ 4 बजे मुंबईको शिवाजी पार्कमा राजकीय सम्मानको साथ गरिनेछ। उहाँको निधन हिज मुंबईको एक अस्पतालमा 92 वर्ष उमेरमा भएको थियो।

६.आईपीएलमा , रॉयल चैलेंजर्स बेंगलुरुले मुंबई इंडियंस-एमआई लाई हिजो राति मुंबईको वानखेड़े स्टेडियममा 18 रनले पराजित गरेको छ।

**राष्ट्रपति दौरा**

राष्ट्रपति द्रौपदी मुर्मु आजदेखि गुजरात र महाराष्ट्रको चार दिने भ्रमणमा रहनुहुनेछ। उहाँले आज राजकोटमा अखिल भारतीय आयुर्विज्ञान संस्थानको पहिलो दीक्षांत समारोहमा भाग लिनुहुनेछ। राष्ट्रपति मुर्मु भोली डॉक्टर बी.आर. आम्बेडकर जयंतीमा गांधीनगरको लोकभवनमा सामाजिक समरसता महोत्सवमा उपस्थित रहनुहुनेछ। यसपछि उहाँ गांधीनगरमा राष्ट्रीय रक्षा विश्वविद्यालयको पाँचौ दीक्षांत समारोहमा शामेल हुनुहुनेछ।

बुधवार राष्ट्रपति मुर्मु नागपुर एम्सको दूसरे दीक्षांत समारोहमा उपस्थित रहनुहुनेछ। यसपछि उहाँ नागपुरमा राष्ट्रीय प्रत्यक्ष कर अकादमीमा भारतीय राजस्व सेवाका प्रशिक्षु अधिकारिहरुको 78औ बैचको विदाई समारोहमा शामेल हुनुहुनेछ। 16 अप्रैलमा राष्ट्रपति द्रौपदी मुर्मुले वर्धामा महात्मा गांधी अंतरराष्ट्रीय हिंदी विश्वविद्यालयको छैठौ दीक्षांत समारोहमा भाग लिनुहुनेछ।

**प्रधानमंत्री-नारी शक्ति सम्मेलन**

प्रधान मन्त्री नरेन्द्र मोदीले आज नयाँ दिल्लीमा नारी शक्ति वन्दन सम्मेलनलाई सम्बोधन गर्नुहुनेछ। राष्ट्रिय स्तरको सम्मेलनले देशको विकासको बाटो तय गर्न महिलाको सहभागितामा वृद्धि गर्ने प्रतिबद्धतालाई सुदृढ पार्नेछ। यसले पञ्चायतदेखि संसद्सम्म शासन र नेतृत्वमा महिलाको भूमिकाको बढ्दो भूमिकालाई उजागर गर्नेछ। यसले निर्णय प्रक्रियामा महिलाको अधिक प्रतिनिधित्वको महत्त्वलाई पनि रेखांकित गर्नेछ ।

सम्मेलनमा विभिन्न क्षेत्रमा असाधारण उपलब्धि हासिल गरेका महिलाहरु शामेल भइरहेका छन्। कार्यक्रममा सरकारी, शिक्षा, विज्ञान, खेलकुद, उद्यमशीलता, मिडिया, सामाजिक कार्य र संस्कृतिका महिलाहरुको पनि सहभागिता रहनेछ। सम्मेलनले सन् २०४७ सम्ममा भारतको विकसित राष्ट्र बन्ने यात्रामा महिलाको भूमिकालाई प्रकाश पार्नेछ।

सेप्टेम्बर २०२३ मा, संसदले विधायिका निकायहरूमा महिलाको प्रतिनिधित्व बढाउने उद्देश्यका साथ नारी शक्ति बन्दन ऐन पारित गरेको थियो । यस अधिनियमले लोकसभा र राज्य विधानसभाहरूमा महिलाहरूका लागि एक तिहाई सीटहरूको आरक्षणको व्यवस्था गर्दछ। यसै महिनाको १६ तारिखदेखि सुरु हुने संसदको सत्रमा महिला आरक्षणको कार्यान्वयनलाई देशभरि नै सम्बोधन गरिने बताइएको छ ।

**आई.एम.एफ.-ईरान युद्ध**

अन्तर्राष्ट्रिय मुद्रा कोषकी प्रबन्ध निर्देशक क्रिस्टालिना जर्जिभाले इरान युद्धका कारण विश्वव्यापी आर्थिक संकट उत्पन्न हुने चेतावनी दिएकी छन् । यसका कारण अवरुद्ध ऊर्जा आपूर्ति र विश्वव्यापी मूल्यवृद्धि आगामी वर्ष पनि जारी रहन सक्ने उहाँको भनाइ छ । पीटीआईलाई दिएको अन्तर्वार्तामा आईएमएफ प्रमुखले द्वन्द्वको अवधिले यसको दीर्घकालीन परिणाम निर्धारण गर्ने बताउनु भयो । यसले विभिन्न देशलाई विभिन्न किसिमले प्रभाव पार्ने उहाँको भनाइ छ । युद्धविरामले पनि तत्काल राहत दिने छैन ।

**पश्चिम एसिया द्वन्द्व**

पाकिस्तानमा संयुक्त राज्य अमेरिका र इरानबीचको वार्ता असफल भएपछि पश्चिम एसिया द्वन्द्वले नयाँ मोड लिएको छ। दुई पक्षबीच थप वार्ताको लागि कुनै समयसीमा तय गरिएको छैन। राष्ट्रपति डोनाल्ड ट्रम्पले घोषणा गर्नु भयो अमेरिकी नौसेनाले तुरुन्तै इरानी नियन्त्रणबाट होर्मुजको जलडमरूम मुक्त गर्न अभियान सुरु गर्नेछ। इरानलाई शुल्क तिर्ने जहाजहरू रोकिनेछन्, र इरानले बिछ्याएको बारुदी सुरुङहरू हटाइनेछ। राष्ट्रपति ट्रम्पले इरानको जबरजस्ती र आणविक महत्वाकांक्षालाई रोक्न यो कदम आवश्यक भएको बताउनु भयो । वहाँले आशा पनि व्यक्त गर्नुभयो इरानले चाँडै अमेरिकी सर्तहरूमा वार्ता पुनः सुरु गर्नेछ। इरानले चेतावनी दिएको छ कि होर्मुजको जलडमरूममा प्रवेश गर्ने कुनै पनि शत्रु सैन्य जहाजलाई युद्धविरामको उल्लङ्घन मानिनेछ र नष्ट गरिनेछ।

**जयशंकर - संयुक्त अरब इमिरेट्स**

विदेशमन्त्री डा. एस. जयशंकरको संयुक्त अरब इमिरेट्सको दुई दिने भ्रमण सम्पन्न भएको छ। भ्रमणको क्रममा वहाँले युएईका राष्ट्रपति शेख मोहम्मद बिन जायद अल नाह्यानसँग भेट गर्नुभयो र प्रधानमन्त्री नरेन्द्र मोदीको व्यक्तिगत सन्देश सुनाउनु भयो। दुई नेताहरूले ऊर्जा सहयोग, व्यापार बढाउने र व्यापक रणनीतिक साझेदारीलाई सुदृढ पार्ने बारेमा छलफल पनि गर्नुभयो । भेटमा दुबईका युवराज शेख हमदान बिन मोहम्मद बिन रशिद अल मकतूम पनि उपस्थित हुनु हुन्थियो । डा. जयशंकरले युएईका विदेशमन्त्री शेख अब्दुल्लाह बिन जायद अल नाह्यानसँग छुट्टाछुट्टै वार्ता गर्नुभयो। छलफलहरू मुख्यतया क्षेत्रीय स्थिरता, पश्चिम एसियामा द्वन्द्व र भारतीयहरूलाई सुरक्षित रूपमा बाहिर निकाल्ने प्रयासहरूमा केन्द्रित थिए।
शनिबार युएई आइपुगेपछि, डा. जयशंकरले त्यहाँ बसोबास गर्ने भारतीयहरूसँग अन्तरक्रिया गर्नुभयो। वहाँले बढ्दो क्षेत्रीय तनावको बीचमा उनीहरूको सुरक्षा सुनिश्चित गर्न भारत सरकारले गरेको प्रयासहरूको उल्लेख गर्नुभयो ।

डा. जयशंकरको भ्रमण खाडी देशहरूबाट ऊर्जा आपूर्ति सुरक्षित गर्ने कूटनीतिक प्रयासहरूको एक हिस्सा हो। संयुक्त अरब इमिरेट्स भारतको तेस्रो ठूलो व्यापारिक साझेदार हो। चार दिने भ्रमणको अन्तिम चरणमा डा. जयशंकर युएई जानुभयो । वहाँले मौरिससमा भएको नवौं हिन्द महासागर सम्मेलनमा पनि भाग लिनुभयो ।

**पश्चिम बंगाल प्रचार**

पश्चिम बंगालमा विधानसभा चुनावभन्दा पहिले प्रचार अभियान तेज भएको छ । भारतीय जनता पार्टीका वरिष्ठ नेता एवं केन्द्रीय गृह मंत्री अमित शाहले आज बीरभूम र पश्चिम बर्धमान जिल्लाहरुमा चुनाव प्रचार गर्नुहुनेछ ।उहाँले आज दिउसों बीरभूमको सैंथियामा र यसपछि खैरासोलमा चुनावी रैलीलाई सम्बोधित गर्नुहुनेछ । त्यसपश्चात पश्चिम बर्धमान जिल्लामा र साँझ दुर्गापुरमा श्री शाहको जनसभा हुनेछ । राति आठ बजे दुर्गापुरमा नै पार्टी संगठनको बैठक हुनेछ ।

**संशो आशा भोसले**

सुप्रशिद्ध गायिका आशा भोसलेको अंतिम संस्कार आज साँझ 4 बजे मुंबईको शिवाजी पार्कमा राजकीय सम्मानको साथ गरिनेछ। उहाँको निधन हिज मुंबईको एक अस्पतालमा 92 वर्ष उमेरमा भएको थियो। छातीमा संक्रमण र कमजोरीका कारण आशा भोस्ले शनिबार साँझ निजी अस्पतालमा भर्ना भएकी थिइन् |आशा भोसले, आशाताईको नामले पनि प्रसिद्ध थिइन्। उहाँलाई पद्म विभूषण र महाराष्ट्र भूषण पुरस्कारहरुद्वारा सम्मानित गरिएको थियो। उहाँलाई अंतिम श्रृद्धांजलि उहाँको आवास लोअर परेल स्थित कासा ग्रांडेमा आज बिहान 11 बजे दिइनेछ।

**Byte**

**आईपीएल क्रिकेट**

आईपीएलमा , रॉयल चैलेंजर्स बेंगलुरुले मुंबई इंडियंस-एमआई लाई हिजो राति मुंबईको वानखेड़े स्टेडियममा 18 रनले पराजित गरेको छ। आरसीबीको 241 रनको लक्ष्यलाई पछयाउदै , मुंबई इंडियंसले 5 विकेटको नुकसानमा 222 रन मात्र बनाउन सके। आरसीबीका सुयश शर्माले 2 विकेट लिए।

सनराइजर्स हैदराबादको भिडन्त राजस्थान रॉयल्ससंग आज साँझ सात बजेर तीस मिनटमा हैदराबादको राजीव गांधी अंतरराष्ट्रीय स्टेडियममा हुनेछ।